**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**

**फैसला**

<u>मुद्दाः- आयकर (आ.ब. ०६२।०६३)</u>

मुद्दा नं. ०७४-RB-०१९४

**पर्सा जिल्ला, वीरगंज उपमहानगरपालिका वडा नं. १२ स्थित प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि. को तर्फबाट ऐ.का. अख्तियार प्राप्त संचालक आनन्द कुमार अग्रवाल .........१** — **पुनरावेदक**

**विरुद्ध**

**ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर ..........................................१** — **प्रत्यर्थी**

मुद्दा नं. ०७४-RB-०१९८

**ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको तर्फबाट ऐ. कार्यालयका प्रमुख कर प्रशासक जगदिश रेग्मी ...............................................................१** — **पुनरावेदक**

**विरुद्ध**

**प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि. को तर्फबाट ऐ.का. अख्तियार प्राप्त संचालक आनन्द कुमार अग्रवाल ........................................................................१** — **प्रत्यर्थी**

<u>शुरु तहमा निर्णय गर्नेः</u>

प्रमुख कर प्रशासक श्री नवराज भण्डारी

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

मितिः २०६४।०५।३१

<u>प्रशासकीय पुनरावलोकनको निर्णय गर्नेः</u>

महानिर्देशक श्री राजन खनाल

आन्तरिक राजस्व विभाग

मितिः- २०६८।०६।३०

**<u>पुनरावेदन तहमा फैसला गर्नेः</u>**

माननीय अध्यक्ष श्री दीपककुमार कार्की
लेखा सदस्य श्री हरि पोखरेल
राजस्व सदस्य श्री मणिदेव भट्टराई
राजस्व न्यायाधिकरण, काठमाडौं
मितिः-२०६९।०६।०४

यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने भई राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।०६।०४ को फैसला उपर प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि. र ठूला करदाता कार्यालय ललितपुरको तर्फबाट परेको पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदनमा यस अदालतबाट राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को खण्ड (घ) बमोजिम अनुमति प्रदान भई पुनरावेदनको रुपमा दर्ता भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ।

**<u>तथ्य खण्ड</u>**

१. **<u>ठूला करदाता कार्यालयमा पेश भएको कर विवरण</u>**

करदाता श्री प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि.ले आ.व.२०६२।०६३ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम करयोग्य आय रु.५६,६६,८००/- कायम गरी ठूला करदाता कार्यालय ललितपुरमा मिति २०६३।९।३० मा स्वयम कर विवरण पेश गरेको।

२. **<u>ठूला करदाता कार्यालयबाट जारी भएको म्याद सुचना</u>**

त्यस प्रा.लि.ले आ.व.०६२।०६३ को लागि ऐनको दफा ९९ बमोजिम-कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार यस कार्यालयमा मिति २०६३।९।३० मा दाखिला गरेको आय विवरण अध्ययन, छानवीन तथा परीक्षण गर्ने सिलसिलामा उपलब्ध भए सम्मका कागजात, फाँटवारी तथा प्रमाणहरु अध्ययन छानवीन तथा परीक्षण गर्दा आयकर ऐन, २०५८ अनुसार समावेश गर्नुपर्ने आय समावेश नभएको, कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम रु. ७१,५८,३७८।- करयोग्य आय कायम गरी संसोधित कर निर्धारण गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस प्रमाण भए १५ दिनभित्र पेश गर्न ऐनको दफा १०१(६) बमोजिम करदातालाई ठूला करदाता कार्यालयले मिति २०६४।५।३ मा संसोधित कर निर्धारणको सूचना जारी गरेको।

३. **करदाता प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि.ले दर्ता गराएको जवाफ**

शुरु कार्यालयको मिति २०६४।५।३ को सूचनाको सम्बन्धमा सो सूचनामा उल्लेख भएका रकमहरु कम्पनीको आय आर्जनसँग सम्बन्धित हुँदा खर्च कट्टी पाउनुपर्छ। ह्रास खर्च रकम ऐनको परिधिभित्रै रहेर दावी गरिएको छ। Deferred खर्च पनि तत्कालीन नियम बमोजिम उत्पादन शुरु भएको ५ वर्षमा बराबर भागले हुने रकमलाई खर्च देखाउने प्रावधान अनुसार सो रकम खर्च देखाउदै आएका छौं भनी करदाताले ठूला करदाता कार्यालयमा मिति २०६४।५।२० मा जवाफ दर्ता गराएको।

४. **ठूला करदाता कार्यालयबाट जारी भएको संसोधित कर निर्धारणको आदेश**

करदाता प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि.लाई आ.व.२०६२।०६३ को लागि करयोग्य आय रु. ७१,५८,३७८।- कायम हुने गरी ठूला करदाता कार्यालयबाट मिति २०६४।५।३१ मा कर निर्धारण गर्न निर्णय पर्चा खडा भएको र सो निर्णय बमोजिम करदाताका नाममा मिति २०६४।६।६ मा ऐनको दफा १०२ बमोजिम संसोधित कर निर्धारण आदेश जारी भएको।

५. **आन्तरिक राजस्व विभागबाट भएको निर्णय**

ठूला करदाता कार्यालयबाट मिति २०६४।५।३१ मा भएको कर निर्धारण निर्णयउपर चित्त नबुझी करदाताले आन्तरिक राजस्व विभागका महानिर्देशकसमक्ष प्रशासकिय पुनरावलोकनको लागि निवेदन दिएकोमा करदाताको निवेदन, सम्बन्धित कार्यालयको प्रतिकृया तथा सक्कल फाइल संलग्न कागजातहरु अध्ययन तथा विश्लेषण गर्दा कार्यालयले कारोवारको सवुद तथा मिति २०६४।५।२ मा स्वीकृत कर परीक्षण प्रतिवेदन समेतका आधारमा आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम मिति २०६४।५।३१ मा गरेको कर निर्धारण निर्णय र सो बमोजिम मिति २०६४।६।६ मा जारी गरेको संशोधित कर निर्धारण आदेश कानूनसम्मत देखिएको हुँदा निवेदकको निवेदन खारेज गर्नुपर्ने ठहर्छ भनी विभागबाट मिति २०६८।६।३० मा निर्णय भएको।

६. **करदाता प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. को राजश्व न्यायाधिकरणमा परेको पुनरावेदन पत्र**

शुरु कार्यालयबाट पुनरावेदकको आय आर्जनसँग सम्बन्धित निम्म बमोजिमका खर्चलाई गलत कानूनी आधार र तर्कको आधारमा अमान्य गरी मिति २०६४।५।३१ मा जारी गर्न भएको शंसोधित कर आदेश र सोलाई सदर गर्ने गरी भएको आन्तरिक राजस्व

विभागको मिति २०६८।६।३० को निर्णय बदर गरी पाउँ भनी करदाताको तर्फबाट मिति २०६८।९।६ मा पुनरावेदनपत्र दर्ता भएको।

- मकैको Storage Loss रु.८,२९,८६०।-
- Soya Doc को Storage Loss रु.२,८०,४६९।-
- ह्रास खर्च रकम रु.३,८१,२४९।-
- श्रोतमा कर कट्टी रु.१९,१९,६४४।-

७. <u>राजश्व न्यायाधिकरण काठमाडौंबाट भएको प्रत्यर्थी झिकाउने आदेश</u>

यसमा ह्रास खर्च माग गरेकोमा आयकर ऐन, २०५८ बमोजिम समूह ख तथा ग मा समावेश गरेको भनी स्पष्ट आधार र कारण नखुलाई ह्रास खर्च अमान्य गर्ने गरेको शुरु कार्यालयको निर्णय फरक पर्न सक्ने भएकोले छलफलको निमित्त अ.वं.२०२ नं. बमोजिम सरकारी वकिल र आन्तरिक राजस्व विभागलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भनी राजश्व न्यायाधिकरणबाट मिति २०६८।७।४ मा भएको आदेश।

८. <u>राजश्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला</u>

ठूला करदाता कार्यालय, ललितपुरको मिति २०६४।५।३ को संशोधित कर निर्धारण गर्ने र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६८।६।३० को निर्णयमा मकैको Storage Loss तथा Soya Doc को Storage Loss का सम्बन्धमा खर्च कट्टी नदिने गरी भएको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ। ह्रास खर्च तथा श्रोतमा कर कट्टी सम्बन्धमा शुरु कार्यालयले गरेको निर्णय मिलेको नै देखिदा सदर हुने ठहर्छ। सो सम्बन्धमा पुनरावेदन जिकिर पुग्न सक्दैन भनी राजस्व न्यायाधिकरणबाट मिति २०६९।०६।०४ मा फैसला भएको।

९. <u>प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. को पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदन</u>

शुरु मौज्दात र उक्त आ.ब. मा थप भएको सम्पत्तिमध्ये Absorbed भएको रकमको गणना गर्न त्रुटि भएको कारणले मात्र ह्रास खर्चमा फरक भएको हो। अतः उक्त ह्रास खर्च रु.३,८१,२४९।— आयकर ऐन, २०५८ को दफा १९ बमोजिम खर्च मिन्हा पाउने गरी निर्णय हुन अनुरोध छ। त्यस्तै, पुनरावेदक कम्पनीले गोल्डमेन ट्रेडिङ्ग प्रा.लि. कलकत्ता र केमरब एजेन्सीज प्रा.लि. कलकत्तालाई भुक्तान भएको कमिसनवापत श्रोतमा करकट्टी नगरेको भनी रु.१९,१९,६४४।— लाई कट्टी नदिने गरी निर्णय भएको सम्बन्धमा यस कम्पनीले उक्त पार्टीहरुसँग सम्झौताअनुसार रकम भुक्तानी गरेको अवस्था

छ। उक्त पार्टीहरुको नेपालमा कुनै संस्थापन नभएकोले भारतकै बासिन्दा मानिन्छ। आयकर ऐनको दफा ६ बमोजिम गैर बासिन्दा ब्यक्तिको सो बर्षमा आयको श्रोत नेपालमा भएमा मात्र नेपालमा निर्धारणयोग्य आय मानिने र दफा ६७(६) को खण्ड (झ) अनूसार भूक्तानीको स्थान जहाँसुकै भएतापनि नेपालमा सो कार्य भएमा मात्र सो आय नेपाली श्रोतबाट भएको मानिने छ भन्ने व्यवस्था गरेको छ। उक्त कम्पनीले आफ्नो सेवा भारतमा नै पुऱ्याएकोले सो को आयको श्रोत पनि भारतमा नै हो, नेपालमा होइन भन्ने कुरा दोहोरो कर नलाग्ने संझौता तथा आयकर ऐन दुवैले स्पष्ट पारेको छ। आयकर ऐन, २०५८ को दफा ८८ मा बासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको सेवा शूल्क भूक्तानी गर्दा कर कट्टी गर्नुपर्ने व्यवस्था गरेकोले कानूनमा नै नभएको कुराको लागि हामीले श्रोतमा कर कट्टी गर्नुपर्ने भनी कार्यालयबाट भएको निर्णय कानूनसंगत छ ैन। अतः मिति २०६४ ६/६ मा जारी भएको संशोधित कर निर्धारण तथा २०६४/५/२७ को निर्णय पर्चा तथा सोलाई सदर गर्ने गरी मिति २०६८/६/३० मा भएको विभागको निर्णय एवं सोलाई सदर गर्ने हदसम्मको सम्मानीत राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९/६/४ को फैसला बदर गरी निवेदक कम्पनीले पेश गरेको आय विवरण बमोजिमको ह्रास खर्च रकम रु.३,८१,२४९/- र कमिसन वापत श्रोतमा कर कट्टी नगरेको भनी रु.१९,१९,६४४/- लाई मान्यता नदिने गरी भएको हद सम्मको फैसला बदर गरी पाउँ भन्ने समेत बेहोराको प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. को तर्फबाट यस अदालतमा पर्न आएको निवेदन पत्र।

१०. <u>ठूला करदाता कार्यालय, हरिहरभवनको पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदन</u>

मकैको Storage Loss खर्च रू.८,२९,८६०।- का सम्बन्धमा करदाताले पेश गरेको यस आ.व. को कच्चा पदार्थको विवरणमा मकैको शुरू मौज्दात १०,११,४७७।१७ के.जि. र चालु वर्षको खरिदमा ६२,७४,९३६।३९ के.जि. गरी जम्मा ७२,८६,४१३।५६ हुनु पर्नेमा Storage Loss भनी ७८,४७०।७० के.जि. मौज्दात घटाई उल्लेख गरेको अवस्था छ। त्यस्तै, Soya Doc को Storage Loss खर्च रू. २,८०,४६९।- का सम्बन्धमा करदाताले पेश गरेको यस आ.व. को कच्चा पदार्थको विवरणमा मकैको शुरू मौज्दात १४,७८,८७५ र चालु वर्षको ७१,३६,६३०।३९ के.जि. गरी जम्मा ८६,१५,५०५ के.जि. हुनुपर्नेमा Storage Loss भनी १७,८४१।५८ के.जि. मौज्दात घटाई उल्लेख गरेको अवस्था छ। शुरू मौज्दात खपत वा अन्तिम मौज्दातमा समावेस हुनुपर्नेमा उत्पादनमा समेत समावेस नगरेको परिणामको मूल्यसमेत

लागतमा भने समावेस गरेको अवस्थामा करदाताले लिएको जिकिर Damage नै भएको हो भनी शंका रहित तवरले पुष्टि हुने पुख्ता प्रमाण र आधार प्रस्तुत हुन सकेको अवस्था छैन। अतः राजस्व मिनाहा जस्तो विषयमा कोरा जिकिर मात्रलाई प्रमाण मान्न मिल्ने अवस्था रहदैन। कदाचित करदाताको नोक्सानी भएको अवस्थामा त्यस्तो नोक्सानीका हकमा पनि मु.अ.करमा दर्तावाल करदाताले उक्त नोक्सानी दावी गर्ने बकाइदा प्रकृया रहेको छ। प्रस्तुत करदाताले मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९क अनुसारको कानूनी प्रकृया पुरा नगरेको र कुनै कारणवस उक्त प्रकृया अवलम्बन हुन नसकेको भए सो तर्फ पनि कुनै प्रमाण पेश भएको अवस्था रहेको नदेखिँदा र यस प्रकृयालाई आन्तरिक राजस्व विभागबाट समेत परिपत्र गरी प्रकृयालाई थप स्पष्ट गरेको अवस्था तर्फसमेत कुनै विश्लेषण नै नगरी राजस्व न्यायाधिकरण, काठमाडौंले गरेको फैसला राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(घ) बमोजिम त्रुटिपुर्ण भएकोले साविककै कर निर्धारण आदेशवमोजिम गरी पाउँ भन्ने बेहोराको ठूला करदाता कार्यालय, हरिहरभवनको तर्फबाट यस अदालतमा पर्न आएको निवेदन पत्र।

११. **<u>यस अदालतबाट भएको आदेश</u>**

यसमा Storage Loss तथा Soya Doc को Storage Loss जस्ताको गणना गरी कर छुट दिने प्रष्ट कानूनी प्रावधान नदेखिएको साथै स्रोतमा कर कट्टी नगरेको भनी खर्च कट्टा नगरेको सम्बन्धमा नेपाल र भारत बीचको दोहोरो कर नलगाउने सम्झौताका सन्दर्भमा समेत आयकर ऐन, २०५८ को दफा ६ तथा १५ समेतका कानूनको व्याख्या सम्बन्धी महत्वपूर्ण प्रश्न समावेश भएको देखिंदा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ (घ) को अवस्था विद्यमान रहेको देखिएकोले विवादका दुवै पक्षलाई पुनरावेदन गर्ने अनुमति प्रदान गरिएको छ। नियमानुसार गर्नू भन्ने यस अदालतको मिति २०७४।०७।२४ को आदेश।

**<u>ठहर खण्ड</u>**

१२. नियम बमोजिम दैनिक पेसीसूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. को तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र अधिवक्ताहरु श्री बालकृष्ण ढकाल र श्री धिरज घिमिरेले हाम्रो पक्ष प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. ले थप गरेको सम्पत्तिमध्ये Absorbed भएको रकमको गणना गर्ने क्रममा सामान्य त्रुटि भएकाे कारणबाट Depreciation रकममा रु.३,८१,२४९।— ले फरक पर्न गएको हुँदा उक्त रकमले मान्यता पाउनुपर्छ।

कमिसन रकमको सम्बन्धमा हाम्रो पक्षले भारतको कलकत्तामा संस्थापन रहेको गोल्डमेन ट्रेडिङ्ग प्रा.लि. र केमरब एजेन्सीज प्रा.लि. लाई उक्त कमिसनको रकम भुक्तानी गरेको हो। TDS नगरेकै आधारमा सो कमिसन रकम रु.१९,१९,६४४।– लाई खर्चको मान्यता नदिने गरी आन्तरिक राजस्व विभागको निर्णयलाई सदर गरी राजस्व न्यायाधिकरणबाट भएको निर्णय त्रुटिपूर्ण छ। उक्त पार्टीहरु भारतकै बासिन्दा रहेको र उक्त कम्पनीहरुले भारतमा नै सेवा पुऱ्याउने भएकोले नेपाल र भारतविच भएको दोहोरो कर नलाग्ने संझौता तथा आयकर ऐन अनुसार पनि नेपालमा श्रोतमा कर कट्टी गर्नुपर्ने होइन। उक्त खर्चमा श्रोत कर कट्टी नगरेको भनी आयबाट घटाउन नदिएको राजस्व न्यायाधिकरणको निर्णय सो हदसम्म उल्टी गरी न्याय इन्साफ गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

१३. ठूला करदाता कार्यालय, हरिहरभवनको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले मकै र Soya Doc को Storage Loss (जर्ती) का खर्च शिर्षकलाई आयकर ऐन तथा नियमावलीले चिन्दैन। यस्ता शिर्षकमा कर छुट दिने कानूनी प्रावधान नभएकोले करदाताले खर्च दावी गर्न मिल्दैन। कर छुट पाउनुपर्ने माग गरेर मात्र हुदैन। सो कुरा कानूनसम्मत पनि हुनुपर्छ। यसकारण मौज्दात कम देखाई पेश भएको आय विवरणलाई मान्यता दिने गरी मकैको Storage Loss र Soya Doc को Storage Loss लाई खर्च शिर्षकको रुपमा आयबाट घटाउन पाउने भनी राजस्व न्यायाधिकरणबाट भएको निर्णय मिलेको छैन। अतः सो जर्तीलाई मान्यता नदिने गरी यस अदालतबाट फैसला गरिपाउँ र अन्यको हकमा राजस्व न्यायाधिकरणको निर्णय सदर कायम हुनुपर्छ भनी बहस गर्नुभयो।

१४. उपर्युक्त तथ्य र बहस जिकिर भएको प्रस्तुत मुद्दामा राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।०६।०४ को फैसला मिलेको छ वा छैन? पुनरावेदक प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. र ठुला करदाता कार्यालयको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो।

१५. निर्णयतर्फ विचार गर्दा, मकैको Storage Loss तथा Soya Doc को Storage Loss का सम्बन्धमा खर्च कट्टी नदिने गरी भएको आन्तरिक राजस्व विभागको मिति २०६८।६।३० को निर्णय मिलेको नदेखिँदा सो हदसम्म उल्टी हुने र ह्रास खर्च तथा श्रोतमा कर कट्टी सम्बन्धमा शुरु कार्यालयले गरेको निर्णय सदर हुने ठहऱ्याई राजस्व न्यायाधिकरणबाट मिति २०६९।०६।०४ मा फैसला भएको पाइन्छ। उक्त फैसलाउपर

चित्त नबुझी करदाता प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. र ठुला करदाता कार्यालय दुवै पक्षको तर्फबाट पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदन परी यस अदालतबाट मिति २०७४।०७।२४ मा अनुमति प्रदान भई पुनरावेदनको रोहमा प्रस्तुत मुद्दा निर्णयार्थ यस इजलाससमक्ष पेश भएको रहेछ।

१६. करदाता प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. को पुनरावेदन पत्रमा मुलरुपमा कम्पनीमा थप भएको सम्पत्तिमध्ये Absorbed भएको रकमको गणना गर्न त्रुटि भएको कारणबाट मात्र ह्रास खर्चमा फरक पर्न गएकोले उक्त ह्रास खर्च रु.३,८१,२४९।— ले मान्यता पाउनुपर्ने र TDS को सम्बन्धमा भारतमा स्थापित र भारतकै बासिन्दा कम्पनीलाई सम्झौताबमोजिम रकम भूक्तानी गर्दा श्रोतमा कर कट्टी गर्नु नपर्ने हुँदा निवेदक कम्पनीले पेश गरेको आय विवरण बमोजिमको ह्रास खर्च रकम रु.३,८१,२४९/- र कमिसन वापत रु.१९,१९,६४४/- लाई अमान्य गर्ने वारेको राजश्व न्यायाधिकरणको निर्णय उल्टी गरिपाऊँ भनी जिकिर लिएको देखिन्छ।

१७. त्यस्तै, ठुला करदाता कार्यालय, हरिहरभवनको पुनरावेदनपत्र हेर्दा, मकै र Soya Doc को मौज्दात घटाई Storage Loss भनी करदाताले खर्चको जिकिर लिएको भएपनि शंका रहित तवरले सो Damage नै हो भन्ने पुष्टि हुने आधार प्रमाण प्रस्तुत गर्न नसकेको र नोक्सानी भएको भए मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९क अनुसारको कानूनी प्रकृया पुरा गर्नुपर्नेमा सो नगरेको अवस्थामा जर्ती शिर्षक दावी लिइएको खर्चलाई मान्यता दिने गरी राजस्व न्यायाधिकरणले गरेको फैसला त्रुटिपुर्ण भएको सो हदसम्म उल्टी गरिपाउँ भन्ने जिकिर रहेको देखिन्छ।

१८. सर्वप्रथम ह्रास खर्च सम्बन्धमा विचार गर्दा, ह्रास खर्च वापत रु.३,८१,२४९।—खर्चको रुपमा बढी रकम दावी गरेपनि सो रकम ऐनबमोजिम पाउने रकमभन्दा बढी भएको भनी खर्च कट्टी नदिने गरी शुरु कार्यालयले निर्णय गरेकोमा सो निर्णय राजस्व न्यायाधिकरणबाट समेत सदर भई फैसला भएको पाइन्छ। सो रकम पनि खर्च वापत कट्टी गर्न पाउनुपर्ने भन्ने करदाताको पुनरावेदन जिकिर रहेको छ। उक्त ह्रास खर्च भनी देखाइएको थप रकम रु.३,८१,२४९।— को सम्बन्धमा करदाताको तर्फबाट खर्चको दावी रहेपनि सो खर्च रकम कसरी गणना गरिएको हो भन्ने सम्बन्धमा चित्तबुझ्दो र तथ्यपरक पुष्ट्याई गर्न सकेको अवस्था छैन। साथै उक्त खर्च रकमलाई कट्टी गर्न नमिल्ने भनी निर्णय गर्दा शुरु कार्यालयले लिएका आधारहरुलाई पनि अन्यथा हो भनी करदाताले खण्डन गर्न

नसकेको पनि देखिदैछ। करदाताले दावी गरेकै आधारमा ऐनले खर्च कट्टी गर्न नदिएको रकमलाई खर्चको रुपमा आयबाट कट्टी गर्न दिने कुरा हुँदैन। यस्तो अवस्थामा करदाताले ह्रास खर्च भनी दावी गरेको उक्त रकमले खर्चको मान्यता पाउने अवस्था रहेन।

१९. जहाँसम्म Sales Commission वापत देखाइएको रु.१९,१९,६४४।- लाई श्रोतमा कर कट्टी नगरेको भनी खर्च कट्टी नहुने गरी राजस्व न्यायाधिकरणले गरेको निर्णय मिलेको छैन भन्ने पुनरावेदक प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. ले लिएको पुनरावेदन जिकिर छ, सो सम्बन्धमा सर्वप्रथम TDS बारेमा कानूनी व्यवस्था हेर्नुपर्ने हुन आयो।

२०. आयकर ऐन, २०५८ को दफा ६७ को उपदफा (६) मा *देहायका भुक्तानीहरुको स्रोत नेपालमा रहेको मानिनेछ* भनी सो उपदफा (६) को देहाय (ठ) मा निम्न बमोजिमका भुक्तानीहरुको उल्लेख गरिएको छ।

*(१) नेपालमा रहेको सम्पत्तिको निसर्गको सम्बन्धमा वा नेपालमा बहन गर्नु पर्ने दायित्व प्राप्त गर्ने सम्बन्धमा गरिएका भुक्तानीहरु, वा*

*(२) नेपालमा सञ्चालित क्रियाकलापका सम्बन्धमा गरिएका भुक्तानीहरु*

२१. सोही ऐनको दफा ८८ मा *लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा कर कट्टी* शिर्षकमा उपदफा (१) मा *बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन वा विक्रि बोनस र अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ* भनी उल्लेख भएको पाइन्छ।

२२. श्रोतमा कर कट्टी नगरेकोले खर्च कट्टी गर्न नमिल्ने भनी शुरु कार्यालयबाट गरेको निर्णयलाई सदर गर्ने गरी राजस्व न्यायाधिकरणबाट फैसला भएको पाइन्छ। श्रोतमा कर कट्टी नगरेको हुँदा खर्च कट्टी गर्न मिलेन भनी शुरु कार्यालयले निर्णय गर्दा निम्न कुराहरुलाई आधारको रुपमा लिएको छ।

- करदाता प्रा. लि. ले आ.व. २०५८।०५९ मा सेल्स एजेन्टलाई भुक्तानी गरेको Sales Commission मा TDS दाखिला गरी भुक्तानी गरेको,
- भारतसँग भएको दोहोरो करमुक्ति सम्झौताले Sales Commission मा TDS दाखिला गर्नु नपर्ने व्यवस्था नगरेको,
- TDS लाई फाइनल करको रुपमा treat गर्न पनि नमिल्ने,

- आयकर ऐनको दफा ६७ को उपदफा ६ (ठ) को (१) र (२) मा गरिएको व्यवस्था अनुसार सो रकम भुक्तानी भएको हुँदा TDS माग गरेको

शुरु कार्यालयले निर्णय गर्दा लिएका उपरोक्त आधारहरुलाई करदाताले अन्यथा हो भनी पुष्टि हुने गरी आफ्नो पुनरावेदनपत्रमा खण्डन गर्न सकेका छैनन्। माथि उल्लेखित कानूनी व्यवस्था र शुरु कार्यालयले निर्णय गर्दा लिएका आधार समेतलाई हेर्दा उक्त कमिसन वापतको रकम नेपालमै वहन गर्नुपर्ने दायित्व अन्तर्गतको भूक्तानी रहेको देखिएकाले श्रोतमा कर कट्टी गर्नुपर्ने भनी शुरु कार्यालयबाट भएको निर्णयलाई सदर गर्ने गरेको राजस्व न्यायाधिकरणको फैसला मिलेको नै देखिन आयो।

२३. अब पुनरावेदक ठूला करदाता कार्यालयको पुनरावेदन जिकिर बमोजिम कच्चा पदार्थ मकै र Soya Doc मा Storage Loss वा जर्ती वापतको रकम खर्च कट्टी दिएको राजस्व न्यायाधिकरणको फैसला मिले नमिलेतर्फ विचार गर्नुपर्ने हुन आयो। सर्वप्रथम जर्ती के हो भन्ने सम्बन्धमा नेपाली बृहत शब्दकोष (नेपाल प्रज्ञा प्रतिष्ठान), २०४० ले जर्तीलाई "**अन्नपातहरू सुकेर, उडेर, छरिएर नष्ट भएको अंश; खेर जाने भाग; जर्ता**" भनी परिभाषित गरेको छ। त्यस्तै, पुनरावेदक मित्तल टि. इण्डस्ट्रिज प्रा.ली.को तर्फबाट ऐ. का अधिकारप्राप्त सञ्चालक महेशकुमार अग्रवाल, प्रत्यर्थी आन्तरिक राजश्व विभाग, काठमाडौं भएको (ने.का.प. २०६६, अङ्क ६, निर्णय नं. ८१७३) मूल्य अभिवृद्धि कर मुद्दामा "**कुनै वस्तुको उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थको शतप्रतिशत नै उत्पादित वस्तुमा समाहित हुने वा मिसिएर आउने भन्ने कुराको पनि तर्कसँगत अनुमान गर्न सकिदैन। उत्पादनको प्रक्रियामा कच्चा पदार्थको केही अंश नष्ट हुने, प्रयोगमा नआउने वा कम हुने वा जर्तीमा जाने भन्ने कुरा सबै प्रकारका वस्तुको उत्पादनको सम्बन्धमा लागु हुने कुरा हो**" भनी यसै अदालतबाट व्याख्या भएको छ। खासगरी कृषि उत्पादनको भण्डारणको क्रममा सुकेर, उडेर अरु कुनै तरिकाबाट नष्ट हुन पुगेको अंश नै जर्ती भएको र यस जर्ती शब्दले उत्पादनको प्रकृयामा कच्चा पदार्थको केही अंश स्वभाविक रुपले कम हुने कुरालाई पनि जनाउने गर्दछ।

२४. जर्तीको सम्बन्धमा ऐन तथा नियमावलीमा कुनै व्यवस्था रहेको पाइदैन। तर सो सम्बन्धमा यस प्रकारको स्वभाविक रुपमा आउने सुख्ती वा जर्तीलाई सम्बोधन गर्न मिति २०६२।६।२० मा *वास्तविक जर्तीलाई मिन्हा दिने* भनी मन्त्रिस्तरीय निर्णय गरी आन्तरिक राजस्व विभागले मिति २०६२।८।६ मा परिपत्र गरेको देखियो। ठूला करदाता कार्यालयले संशोधित कर निर्धारणको क्रममा र यस अदालतसमक्ष पुनरावेदन

गर्ने क्रममा समेत विभागको उक्त मिति २०६२।६।२० को परिपत्रका सम्बन्धमा कुनै खण्डन पेश गर्न सकेको पाइदैन। साथै सो परिपत्रको सम्बन्धमा इजलाससमक्ष बहसको क्रममा सरकारी वकिलको तर्फबाट पनि असहमति रहेको पाइएन। अतः जर्ती सम्बन्धमा वास्तविक जर्तीलाई मिन्हा दिने भनी स्पष्ट परिपत्र गरिरहेको अवस्थामा केहि समयको अन्तरालमा सुकेर, नासिएर वा अरु कुनै किसिमले मकै र Soya Doc जस्ता कच्चा पदार्थहरुको मौज्दातमा स्वभाविक रुपले कमी आएको अवस्थामा सो वापतको मूल्यमा कर लगाई यी करदाताबाट भराउन मिलेन। तसर्थ करदाताले लिएको जिकिरबमोजिम मकै र Soya Doc को मौज्दातमा स्वभाविक कमी भई Storage Loss अर्थात जर्तीको रुपमा करदाताले दावी गरेको न्यायोचित रकमलाई मान्यता दिने गरी भएको राजस्व न्यायाधिकरणको निर्णय न्यायको रोहमा अन्यथा देखिन आएन।

२५. अतः माथि विवेचित आधार र कारणहरु समेतबाट ठूला करदाता कार्यालय, ललितपुरको मिति २०६४।५।३ को संशोधित कर निर्धारण गर्ने र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६८।६।३० को निर्णयमा मकै तथा Soya Doc को Storage Loss का सम्बन्धमा खर्च कट्टी नदिने गरी भएको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने र ह्रास खर्च तथा श्रोतमा कर कट्टी सम्बन्धमा शुरु कार्यालयले गरेको निर्णय सदर हुने भनी ठहर गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६९।०६।०४ को निर्णय न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाता प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि. र ठूला करदाता कार्यालयको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत फैसला विद्युतीय प्रणालीमा प्रविष्टि गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः- कल्याण खड्का

कम्प्युटर टाईप गर्ने : देबिमाया खतिवडा

इति सम्वत् २०७९ साल बैशाख १२ गते रोज २ शुभम् ..........................।